**DOI:** https://doi.org/10.3126/pragyaratna.v7i1.84877

**Pragyaratna (प्रज्ञारत्न)**

*A Peer-Reviewed, Open Access Journal*




# माध्यमिक तहमा वाक्य रचना शिक्षणको आवश्यकता र प्रयोग

कृष्णराज ढकाल [१]✉, श्रीराम न्यौपाने [२], सिर्जना घिमिरे [३], डम्बर पुन [४], अशोक यादव [५]

krishnar.dhakal@gmail.com

[१] महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय

[२] आर आर क्याम्पस, प्रदर्शनीमार्ग, त्रिभुवन विश्वविद्यालय

[३] मङ्गल बहुमूखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

[४] अनुगमन निर्देशनालय, त्रिभुवन विश्वविद्यालय

[५] सिराहा बहुमूखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**Article Info**

**Received:** September 26, 2025

**Accepted:** November 13, 2025

**Published:** December 20, 2025

**लेखसार**

*प्रस्तुत अध्ययन माध्यमिक तहमा वाक्य रचना शिक्षणको आवश्यकता, प्रभावकारिता र प्रयोग अभ्यासको मूल्याङ्कनमा केन्द्रित छ । भाषा मानव जीवनको मूल सम्प्रेषण माध्यम हो र वाक्य त्यसको संरचनात्मक आधारशिला हो । यस अध्ययनले विद्यार्थीलाई शुद्ध, सुसम्बद्ध र अर्थपूर्ण अभिव्यक्ति गर्न सक्षम बनाउने वाक्य रचना शिक्षणको महत्त्वलाई स्पष्ट पार्न खोजेको छ । गुणात्मक अनुसन्धान दृष्टिकोणमा आधारित यस अध्ययनमा अन्तर्वार्ता, कक्षा अवलोकन, समूह छलफल र दस्तावेज विश्लेषण विधिहरू प्रयोग गरिएका हुन् । अध्ययनमा काठमाडौँ उपत्यकाका तीन माध्यमिक विद्यालयका शिक्षक र विद्यार्थी सहभागी थिए । अध्ययनको निष्कर्ष अनुसार वाक्य रचना शिक्षण प्रायः परम्परागत व्याकरणमुखी अभ्यासमा केन्द्रित छ, जसले विद्यार्थीको भाषिक आत्मविश्वास र सृजनात्मकता सीमित बनाएको छ । तथापि शिक्षकहरूले संवाद, भूमिकानाट्य, सृजनात्मक लेखन र दृश्य श्रव्य सामग्रीको प्रयोगमार्फत प्रयोगमुखी र विद्यार्थी केन्द्रित शिक्षण अभ्यास अवलम्बन गर्न थालेका छन् । बहुभाषिक कक्षाकोठामा मातृभाषा हस्तक्षेप, लिङ्ग वचन असङ्गति र सन्दर्भअनुकूल प्रयोग चुनौतीपूर्ण देखिएको छ । अध्ययनले प्रत्यक्ष, सहकार्यात्मक र अप्रत्यक्ष त्रुटि सुधार विधिको संयोजन, दृश्य श्रव्य माध्यम र अनुभव आधारित अभ्यासमार्फत वाक्य रचना शिक्षणलाई प्रभावकारी बनाउन सकिने देखाएको छ । निष्कर्षतः वाक्य रचना शिक्षणलाई केवल नियममुखी अभ्यासमा सीमित नराखी सन्दर्भअनुकूल, प्रयोगमुखी र बहुभाषिक सन्दर्भसँग जोड्दा विद्यार्थीको सम्प्रेषणीय दक्षता, आत्मविश्वास र सृजनात्मकता सुदृढ हुन्छ । शैक्षिक दृष्टिले यो अध्ययन शिक्षक, पाठ्यक्रम निर्माता र भाषा शिक्षण अनुसन्धानकर्ताका लागि महत्वपूर्ण मार्गदर्शक सावित हुन सक्छ ।*

**शब्दकुञ्जी:** *वाक्य रचना शिक्षण, बहुभाषिक कक्षाकोठा, मातृभाषा हस्तक्षेप, त्रुटि सुधार रणनीति, सम्प्रेषणीय दक्षता*

भाषा केवल शब्दहरूको सङ्ग्रह मात्र नभई सम्प्रेषणीय क्षमता विकास गर्ने प्रमुख माध्यम हो । यसले विद्यार्थीलाई आफ्ना विचार, भावना र अनुभवलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न सक्षम बनाउँछ । भाषा शिक्षणको वास्तविक उद्देश्य तब मात्र पुरा हुन्छ जब विद्यार्थीले आफ्ना विचारलाई स्पष्ट, अर्थपूर्ण र व्याकरणिक रूपमा शुद्ध वाक्यमा प्रस्तुत गर्न सक्छन् (शर्मा र पौडेल, २०७२) । माध्यमिक तहमा वाक्य रचना शिक्षण महत्त्वपूर्ण भए तापनि प्रायः व्याकरणका नियम सिकाउने परम्परागत अभ्यासमा सीमित गरिएको पाइन्छ । यस कारण विद्यार्थीहरूले वास्तविक जीवनमा वाक्य प्रयोग गर्ने पर्याप्त अवसर पाउँदैनन् । परिणामस्वरूप साधारण वाक्य त निर्माण गर्न सक्ने भए पनि जटिल वा मिश्रित संरचना प्रयोग गर्दा हिच्किचाउने र त्रुटि गर्ने प्रवृत्ति देखिन्छ । प्रमुख त्रुटिहरूमा लिङ्ग-वचन असङ्गति, काल-पक्षको अनियमित प्रयोग, वाच्य वा प्रेरणार्थक संरचनामा असामञ्जस्य, अनावश्यक पुनरावृत्ति र मातृभाषा हस्तक्षेप समावेश छन् (अधिकारी, २०६३; पौडेल, २०७४) । नेपालको शैक्षिक परिप्रेक्ष्यमा बहुभाषिक कक्षाकोठाले समस्या थप जटिल बनाएको छ । एउटै कक्षामा मैथिली, भोजपुरी, थारु, नेवारी, तामाङ, गुरुङजस्ता फरक-फरक भाषिक पृष्ठभूमिका विद्यार्थी उपस्थित हुँदा नेपाली वाक्य संरचना सिकाइमा मातृभाषा हस्तक्षेप तीव्र देखिन्छ । यसले शब्दक्रम, अर्थबोध र काल-पक्ष संयोजनमा चुनौती प्रस्तुत गर्दछ (अधिकारी, २०६३) । यस अध्ययनको प्रमुख उद्देश्य माध्यमिक तहमा वाक्य रचना शिक्षणको आवश्यकता, उपादेयता र प्रभावकारितालाई स्पष्ट पार्नु हो । यसले विद्यार्थीमा देखिने संरचनागत त्रुटिहरूलाई पहिचान गर्नु, बहुभाषिक कक्षामा देखिने चुनौतीहरूको विश्लेषण गर्नु र शिक्षकले अपनाउन सक्ने प्रभावकारी पद्धतिहरूको सिफारिस गर्नुमा केन्द्रित छ । विशेषतः अध्ययनले अन्तर्भाषिक तुलना, सहकार्यात्मक अभ्यास, दृश्य सामग्री प्रयोग र प्रविधि आधारित गतिविधिलाई वाक्य रचना शिक्षणमा समावेश गर्नु आवश्यक ठहराउँछ । यसका साथै शिक्षकको भूमिकालाई पनि पुनर्व्याख्या गर्नुपर्ने देखिन्छ किनभने उनीहरू केवल व्याकरणका नियम प्रस्तुत गर्ने होइन बरु विद्यार्थीलाई सम्प्रेषणमुखी अभ्यासमा संलग्न गराउने सुविधाकर्ताका रूपमा कार्य गर्नुपर्ने हुन्छ । विद्यार्थीको भाषिक त्रुटि सच्याउने क्रममा शिक्षकले सकारात्मक प्रतिक्रिया, पुनर्लेखन अभ्यास र जोडी-समूहगत छलफलजस्ता रणनीतिहरू प्रयोग गर्दा सिकाइ प्रक्रिया थप प्रभावकारी बन्न सक्छ । अन्तर्राष्ट्रिय सन्दर्भले पनि वाक्य संरचना शिक्षणलाई भाषिक दक्षताको आधार मान्दै आएको छ । रिचार्ड्स र रोडर्जस (सन् २००१) ले प्रभावकारी भाषा शिक्षणका लागि संरचनात्मक अभ्यासलाई व्यावहारिक गतिविधिसँग जोड्नुपर्ने बताउँछन् भने नुनान (सन् २०१९) ले विद्यार्थी केन्द्रित पाठ्यक्रममा वाक्य संरचना अभ्यास र सम्प्रेषणीय कार्यबिच सन्तुलन आवश्यक रहेको औँल्याएका छन् । अधिकारी (२०६२) ले शिक्षार्थीहरू विद्यालयमा गएर पनि आमा आयो, दिदी जान्छे वा जान्छ जस्तो भाषा सिक्छन् भने अथवा उनीहरूले घरमा वा बाहिर वातावरणबाट जानेको भाषामा अझ परिष्कारको बदला विद्यालयमा आएर अशुद्धि बढ्ने हुन्छ भने नेपाली भाषा शिक्षकका लागि

यो निश्चित नै दुर्भाग्यको कुरा हुन आउँछ भन्ने कुरा उल्लेख गरेका छन् । नेपालको बहुभाषिक परिवेशमा यी दृष्टान्तलाई व्यवहारमा उतार्न शिक्षकले अन्तर्भाषिक तुलना, सहकार्यात्मक अभ्यास र दृश्य-सामग्री प्रयोग गर्नुपर्ने देखिन्छ । यसरी प्रस्तुत अध्ययनले माध्यमिक तहमा वाक्य रचना शिक्षणको वर्तमान स्थिति, विद्यार्थीमा देखिने प्रमुख कमजोरी, शिक्षकले अपनाइरहेका रणनीति र सम्भावित सुधार उपायहरूलाई समेट्दै भाषा शिक्षणको गुणस्तर वृद्धिमा योगदान पुऱ्याउने लक्ष्य राख्दछ । नेपाली वाक्य रचना शिक्षणमा विद्यार्थीको भाषिक दक्षता र सम्प्रेषणीय क्षमता सुधार गर्नु मात्र होइन सामाजिक र बहुभाषिक सन्दर्भमा भाषा सिकाइको प्रभावकारिता सुनिश्चित गर्नु पनि अत्यावश्यक छ । यसले शिक्षण-अध्ययनमा व्यावहारिक चुनौतीहरू बुझ्न, बहुभाषिक हस्तक्षेप न्यून गर्न र विद्यार्थीलाई सन्दर्भअनुरूप वाक्य प्रयोगमा सक्षम बनाउन सहयोग पुऱ्याउँछ । त्यसैले वाक्य रचना अनुसन्धानले शिक्षक र विद्यार्थी दुवैको व्यावहारिक आवश्यकतासँग प्रत्यक्ष सम्बन्ध राख्दै नेपाली भाषा शिक्षामा नवीन दृष्टिकोण र समाधान प्रस्तुत गर्न सक्छ । यसै सन्दर्भमा अध्ययनले डेन्जिन र लिङ्कन (२०११) द्वारा प्रतिपादित व्याख्यात्मक अन्वेषण (इन्टरप्रेटिभ इन्क्वायरी) सिद्धान्तलाई आधार मानेर सहभागीहरूको विचार, अनुभव र अवलोकनलाई सामाजिक-सांस्कृतिक सन्दर्भमा अर्थपूर्ण रूपमा विश्लेषण गर्ने उद्देश्य राखेको छ । यस दृष्टिकोणले अनुसन्धानकर्ताको भूमिका केवल सूचना सङ्कलनमा सीमित नराखी सहभागीहरूको अनुभव र व्यावहारिक चुनौतीलाई प्राथमिकतामा राखेर व्याख्या गर्न अनुमति दिन्छ । अध्ययनले बहुभाषिक कक्षाकोठामा भाषा सिकाइका आवश्यकता र कठिनाइहरूको पहिचान गर्दै शिक्षक र विद्यार्थी अन्तर्वार्तामार्फत सङ्कलित तथ्याङ्कलाई आधार मानी वाक्य रचना शिक्षणको प्रयोग र प्रभावकारिता मूल्याङ्कन गरी व्यावहारिक रणनीतिहरूको विश्लेषण प्रस्तुत गरेको छ । यसरी आवश्यकता र प्रयोगको स्पष्ट आधार सहितको व्याख्या-विश्लेषणले शीर्षकसँग सुसङ्गत निष्कर्ष र सैद्धान्तिक योगदान सुनिश्चित गर्दछ ।

## पूर्वअध्ययनको पुनरावलोकन

माध्यमिक तहमा भाषिक तथा वाक्यरचना सम्बन्धी क्षमताको अध्ययन विभिन्न सन्दर्भमा भइरहेका छन् । विद्यार्थीहरूको भाषिक पृष्ठभूमि, विद्यालयको प्रकार, लैङ्गिक पक्ष र सिकाइ वातावरणले वाक्यगठन तथा शब्दनिर्माण क्षमतामा कस्तो प्रभाव पार्छ भन्ने प्रश्नमा केन्द्रित विभिन्न अनुसन्धानहरूले विविध निष्कर्ष प्रस्तुत गरेका छन् । यस सन्दर्भमा निम्न पूर्वअध्ययनहरूले प्रस्तुत अनुसन्धानका लागि आधारभूत सैद्धान्तिक तथा व्यावहारिक पृष्ठभूमि प्रदान गर्छन् । ठाकुर (२०८१) का अनुसार कक्षा नौका विद्यार्थीहरूको शब्दनिर्माण क्षमतामा लैङ्गिक र भाषिक पृष्ठभूमिको स्पष्ट प्रभाव देखिन्छ । अध्ययनमा छात्राहरूको शब्दनिर्माण क्षमता छात्रहरूको भन्दा उच्च रहेको र नेपाली दोस्रो भाषा भएका विद्यार्थीहरूको क्षमता नेपाली पहिलो भाषा भएका विद्यार्थीहरूको तुलनामा सशक्त रहेको तथ्य उजागर गरिएको छ । राई (२०८१) का अनुसार कक्षा आठका लिम्बू मातृभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता विद्यालयको प्रकार र लैङ्गिकताको आधारमा भिन्न पाइन्छ । अध्ययनका निष्कर्षले संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा उत्कृष्ट रहेको र छात्राहरूको औसत क्षमतासमेत छात्राभन्दा उच्च रहेको देखाउँछ । यी दुवै अध्ययनहरूले माध्यमिक तहमा भाषिक क्षमताको विकासमा व्यक्तिगत भिन्नता, विद्यालयको प्रकार र लैङ्गिक पक्षले महत्वपूर्ण भूमिका खेल्ने निष्कर्ष प्रस्तुत गरेका छन् । डेन्जिन र लिङ्कन (२०११) का अनुसार व्याख्यात्मक अनुसन्धान दृष्टिकोणले सामाजिक-सांस्कृतिक सन्दर्भभित्र सहभागीहरूको अनुभव, दृष्टिकोण र भाषिक व्यवहारलाई अर्थपूर्ण रूपमा व्याख्या गर्न जोड दिन्छ । यस दृष्टिकोणमा अनुसन्धानकर्ताको भूमिका केवल तथ्य सङ्कलनकर्ताको नभई सहभागीहरूको अनुभव र अभिव्यक्तिलाई तिनकै सन्दर्भमा पुनःव्याख्या गर्ने सक्रिय विश्लेषकको रूपमा रहन्छ । यसले शिक्षक र विद्यार्थीका अनुभव, अन्तर्क्रिया र कक्षाकोठाभित्रको शिक्षण-सिकाइ व्यवहारलाई सन्दर्भगत दृष्टिले विश्लेषण गर्न सैद्धान्तिक मार्गदर्शन प्रदान गर्छ । खनिया (२०७५) का अनुसार वाक्यरचना शिक्षणले दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूलाई शुद्ध, सुसम्बद्ध र सन्दर्भअनुकूल वाक्य निर्माण गर्ने दक्षता विकास गराउन सहायक हुन्छ । यसले वाक्य संरचनाको वैज्ञानिक प्रयोग र विचार अभिव्यक्तिको सुस्पष्टतामा जोड दिँदै व्यावहारिक भाषिक दक्षता विकासका उपायहरू प्रस्तुत गर्छ । भट्टराई (२०७७) द्वारा स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमतामा केन्द्रित अध्ययनमा विद्यार्थीहरूको समग्र वाक्यनिर्माण क्षमता सन्तोषजनक रहेको स्पष्ट गरिएको छ । यस अध्ययनले लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा उल्लेख्य भिन्नता नदेखिए पनि विद्यार्थीहरू वाक्य संरचनाका आधारभूत रूपहरू प्रयोग गर्न सक्षम रहेको निष्कर्ष प्रस्तुत गरेको छ । यस्तै भुसाल (२०७४) ले नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत थारु मातृभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्दै पक्षगत वाक्यगठन क्षमता अपेक्षाकृत सबल रहेको पत्ता लगाएका छन् । सो अध्ययनमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा बढी प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ । भट्टराई र भुसालद्वारा गरिएका यी दुवै अध्ययनहरूले माध्यमिक तहमा वाक्य संरचना तथा वाक्य निर्माण सम्बन्धी सिकाइ अभ्यासको अवस्थालाई बुझ्न र वर्तमान अध्ययनको विश्लेषणमा आधार सामग्री प्रदान गर्न सहयोग पुऱ्याउँछन् । त्यस्तै श्रीवास्तव (१९९२) ले भाषिक सिद्धान्त, भाषिक विवरण र भाषा शिक्षणबिचको अन्तर्सम्बन्धले माध्यमिक तहमा वाक्यरचना शिक्षणको आवश्यकता र प्रयोगलाई वैज्ञानिक र सैद्धान्तिक रूपमा सुदृढ बनाउने तर्क प्रस्तुत गरेका छन् । समग्र रूपमा हेर्दा पूर्वसाहित्यहरूले वाक्यरचना शिक्षणका चुनौती, विधि, विद्यार्थीको भाषिक क्षमता र व्यवहारसँग सम्बन्धित विविध पक्षहरू उजागर गरेका छन् । तथापि माध्यमिक तहमा वाक्यरचना शिक्षणको वास्तविक आवश्यकता, यसको प्रयोगात्मक प्रभावकारिता र सहभागीहरूको अनुभव-आधारित विश्लेषणसम्बन्धी अध्ययनहरू अत्यन्तै सीमित रहेका छन् । यसैकारण प्रस्तुत अध्ययनले माध्यमिक तहमा वाक्यरचना शिक्षणको आवश्यकता र प्रयोगात्मक पक्षलाई अनुसन्धानको मूल केन्द्रबिन्दु बनाएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान पद्धतिमा आधारित छ । गुणात्मक दृष्टिकोणले शिक्षण-सिकाइका अनुभव, व्यवहार र सामाजिक सन्दर्भभित्र निहित अर्थहरूलाई बुझ्न र व्याख्या गर्न सहयोग पुऱ्याउँछ । यस पद्धतिले माध्यमिक तहमा वाक्य रचना शिक्षणजस्तो जटिल भाषिक विषयको गहिरो अध्ययन गर्न उपयुक्त ढाँचा प्रदान गर्छ (खनाल, २०७०) । यस अध्ययनमा डेन्जिन र लिङ्कन (२०११) द्वारा व्याख्यायित व्याख्यात्मक अनुसन्धान सिद्धान्तलाई सैद्धान्तिक आधारका रूपमा प्रयोग गरिएको छ । यो दृष्टिकोणले अनुसन्धानलाई सामाजिक-सांस्कृतिक सन्दर्भभित्र राखेर बुझ्ने र सहभागीहरूको अनुभवलाई तिनकै अर्थमा पुनःव्याख्या गर्ने आग्रह गर्छ । यसले शिक्षक र विद्यार्थीका अनुभव, तिनीहरूबिचको अन्तर्क्रिया, शिक्षण-सिकाइका व्यवहार र बहुभाषिक कक्षाकोठामा देखिने चुनौतीहरूलाई अर्थपूर्ण रूपमा विश्लेषण गर्न सहयोग पुऱ्याएको छ (डेन्जिन र लिङ्कन, २०११) । अध्ययन काठमाडौँ उपत्यकाभित्रका तीन सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालन गरिएको हो । विद्यालय छनोटमा उद्देश्यपूर्ण नमुना छनोट विधि प्रयोग गरिएको छ जसले विभिन्न भाषिक पृष्ठभूमिका विद्यार्थीहरू समेटिने सुनिश्चितता प्रदान गर्छ । सहभागीमा माध्यमिक तहका तीन जना नेपाली भाषा शिक्षक र छ जना विद्यार्थी रहेका छन् । विद्यार्थीहरूमा नेपाली पहिलो भाषा भएका र दोस्रो भाषा भएका दुवै समूहका प्रतिनिधि समावेश गरिएका छन् जसले वाक्य निर्माणमा देखिने असङ्गति, त्रुटि प्रकार, मातृभाषा हस्तक्षेप र त्रुटि सुधारका अभ्यासबारे विविध दृष्टिकोण उपलब्ध गराएका छन् । तथ्य सङ्कलनका लागि अन्तर्वार्ता, कक्षाकोठा अवलोकन, समूह छलफल र दस्तावेज विश्लेषण विधिहरू प्रयोग गरिएको

छ । शिक्षक अन्तर्वार्तामा वाक्यरचना शिक्षणका रणनीति, त्रुटि सुधारका अभ्यास, शिक्षण-सामग्री र प्रविधिको प्रयोग तथा बहुभाषिक कक्षाकोठामा सामना गर्नुपर्ने चुनौतीहरूबारे विवरण सङ्कलन गरिएको छ । विद्यार्थी अन्तर्वार्तामा वाक्य निर्माणका कठिनाइ, मातृभाषा हस्तक्षेप तथा त्रुटि सच्याउने अनुभवबारे जानकारी लिइएको छ । अवलोकन र समूह छलफलबाट कक्षाकोठाको वास्तविक शिक्षण सिकाइ व्यवहार र सहभागिताको गतिशीलता सम्बन्धी अभिलेख तयार पारिएको छ । अन्तर्वार्ता र छलफलका प्रश्नहरू अध्ययनका उद्देश्यअनुसार पूर्वनिर्मित थिम-आधारित रूपरेखा अनुसार तयार पारिएका थिए जसले सामग्री सङ्कलनलाई सुसङ्गत र मानकीकृत बनाएको छ (अधिकारी, २०६३; खनिया, २०७५) । सङ्कलित तथ्याङ्कलाई थिमगत विश्लेषण विधिबाट व्याख्या गरिएको छ । अन्तर्वार्ता, अवलोकन, समूह छलफल र दस्तावेजीय स्रोतहरूबाट सङ्कलित तथ्यलाई बारम्बार पढी समान प्रकृतिका विचारहरू समेटी दुई मुख्य थिममा वर्गीकृत गरियो : विद्यार्थीहरूको अनुभव र शिक्षकहरूको रणनीति तथा शिक्षण अनुभव । यी दुई थिमहरू अन्तर्गत तथ्याङ्कलाई सहभागीहरूको प्रत्यक्ष अभिव्यक्तिका उद्धरणसँग जोड्दै अर्थआधारित विषयगत विश्लेषण गरिएको छ जसले माध्यमिक तहमा वाक्य रचना शिक्षणको आवश्यकता र प्रयोग अवस्थाको स्पष्ट तथा सन्दर्भगत व्याख्या प्रस्तुत गरेको छ । यसरी गुणात्मक र व्याख्यात्मक दृष्टिकोणमा आधारित यो अध्ययनले माध्यमिक तहमा वाक्य रचना शिक्षणसँग सम्बन्धित वास्तविक अभ्यास, समस्या, चुनौती र सुधार का सम्भावनाहरूलाई शिक्षक र विद्यार्थी दुवैका अनुभवका आधारमा समग्र रूपमा विश्लेषण गरेको छ । यस अध्ययनमा तथ्य सङ्कलनका लागि अन्तर्वार्ता, कक्षा अवलोकन, समूह छलफल र दस्तावेज विश्लेषण गरी तीनै स्रोतबाट प्राप्त तथ्यहरूको त्रिकोणीकरण गरिएको छ । प्राप्त तथ्यहरूलाई पाँच थिमगत शीर्षक अन्तर्गत विश्लेषण गरिएको छ, जसले अध्ययनका उद्देश्य र प्रश्नलाई प्रत्यक्ष सम्बोधन गर्छ ।

## सैद्धान्तिक आधार

भाषा शिक्षणमा वाक्य रचना शिक्षणको आवश्यकता र महत्वलाई विभिन्न सैद्धान्तिक दृष्टिकोणले पुष्टि गरेका छन् । भाषाशास्त्र र शिक्षाशास्त्रका प्रचलित धाराहरू अनुसार वाक्य संरचना केवल व्याकरणिक नियमहरूको अभ्यास मात्र नभई सम्प्रेषणीय दक्षता विकासको आधार हो । विद्यार्थीले व्याकरणिक संरचनालाई सन्दर्भअनुसार प्रयोग गर्न सिकेपछि मात्र भाषा प्रयोगमा आत्मविश्वास र स्पष्टता आउँछ । यस सन्दर्भमा रिचार्ड्स र रोडर्जस (सन् २००१) का अनुसार प्रभावकारी भाषा शिक्षणमा संरचनात्मक अभ्यासलाई व्यावहारिक प्रयोगसँग जोड्नु अत्यावश्यक छ । उनीहरूको दृष्टिकोणले शिक्षकलाई नियम सिकाउने पारम्परिक भूमिकाबाट हटाई सक्रिय मार्गदर्शकका रूपमा रूपान्तरण गर्न प्रेरित गर्दछ, जसले विद्यार्थीलाई संवाद, भूमिका-खेल, अनुच्छेद लेखन र सृजनात्मक कार्यमार्फत व्याकरणिक संरचना प्रयोग गर्न प्रोत्साहित गर्छ । नेसन र मकालिस्टर (सन् २०१०) ले भाषा पाठ्यक्रम निर्माणमा खोजी-आधारित अभ्यास र विद्यार्थी-केन्द्रित पद्धतिको महत्व औँल्याएका छन् । उनीहरूका अनुसार समस्या समाधानमा विद्यार्थीको सक्रिय सहभागिता, बहु-स्रोतको प्रयोग र व्यावहारिक सन्दर्भमा सिकाइले भाषा शिक्षणलाई दिगो र प्रभावकारी बनाउँछ । यस दृष्टिकोणले वाक्य रचना अभ्यासलाई केवल लिखित वा यान्त्रिक क्रियामा सीमित नराखी वास्तविक जीवनका सन्दर्भसँग जोड्ने आवश्यकता देखाउँछ । यसरी संरचनात्मक अभ्यास र प्रयोगात्मक सम्प्रेषणबिचको सन्तुलनले विद्यार्थीलाई नियम बुझ्ने र प्रयोग गर्ने क्षमताबिचको अन्तर घटाउँछ । नुनान (सन् २०१९) को दृष्टान्तमा विद्यार्थी केन्द्रित पाठ्यक्रममा वाक्य संरचना शिक्षण र सम्प्रेषणीय कार्यबिच संयोजन गर्न जोड दिइएको छ । उनका अनुसार वाक्य संरचना सिकाइ भाषिक दक्षता र व्यावहारिक प्रयोगका दुई पाटा हुन् जसले विद्यार्थीलाई नियम सिक्ने मात्र नभई बोल्ने, लेख्ने र बुझ्ने क्षमतामा सुधार ल्याउँछ । नेपालका बहुभाषिक कक्षाकोठामा भने यो कार्य झन् चुनौतीपूर्ण हुन्छ । अधिकारी (२०६३) का अनुसार फरक मातृभाषी विद्यार्थीहरूका कारण विषय-क्रिया मिलान, लिङ्ग-वचन, काल-पक्ष संयोजन र वाच्य प्रयोगमा मातृभाषा हस्तक्षेप बढी देखा पर्छ । यस्तो स्थितिमा अन्तर्भाषिक तुलना, सहकार्यात्मक अभ्यास, दृश्य-सामग्री र प्रविधि-आधारित क्रियाकलाप प्रयोग गर्नु प्रभावकारी हुन्छ । सैद्धान्तिक दृष्टान्तहरूले त्रुटि सुधार विधिलाई पनि वाक्य रचना शिक्षणको अभिन्न हिस्सा मानेका छन् । प्रत्यक्ष सुधार विधिले विद्यार्थीलाई तुरुन्त त्रुटि सच्याउने अवसर दिन्छ भने सहकार्यात्मक सुधार सामाजिक-सांस्कृतिक अन्तर्क्रियामा आधारित विधि हो, जसले विद्यार्थीलाई समूहगत संवादमार्फत सिक्न प्रोत्साहित गर्छ । अप्रत्यक्ष सुधार विधिले विद्यार्थीलाई आफैँले त्रुटि पहिचान गरी सच्याउने अवसर प्रदान गर्दछ, जसले खोज-आधारित र आत्म-सशक्त सिकाइलाई प्रोत्साहन दिन्छ (रिचार्ड्स र रोडर्जस, सन् २००१; नेसन र मकालिस्टर, सन् २०१०) । अन्ततः यी सैद्धान्तिक दृष्टिकोणहरूले देखाउँछन् कि वाक्य रचना शिक्षण केवल व्याकरणिक नियममा सीमित रहँदा विद्यार्थीको सम्प्रेषणीय क्षमता र भाषिक आत्मविश्वास पूर्ण रूपमा विकसित हुँदैन । त्यसैले शिक्षकले संरचनात्मक अभ्यास, संवाद, सृजनात्मक लेखन, दृश्य-सामग्री र प्रविधिको उपयोग तथा बहुभाषिक चुनौतीको समाधानमार्फत समग्र भाषिक दक्षता विकास गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## प्राप्ति, छलफल र विश्लेषण

यस खण्डमा अन्तर्वार्ता, कक्षा अवलोकन, समूह छलफल र दस्तावेज विश्लेषणबाट सङ्कलित तथ्यहरूको त्रिकोणीकरण गरी माध्यमिक तहमा वाक्य रचना शिक्षणसम्बन्धी प्राप्तिहरू प्रस्तुत गरिएको छ । अध्ययनका निष्कर्षहरू पाँच प्रमुख थिमअन्तर्गत व्याख्या गरिएका छन्-शिक्षकको दृष्टिकोण र शिक्षण व्यवहार, विद्यार्थीको भाषिक अनुभव र त्रुटि प्रकार, शिक्षण सामग्री र प्रविधिको प्रयोग, बहुभाषिक प्रभाव र कक्षाकोठा अन्तर्क्रिया र सुधारका सम्भावित उपाय र सुझाव । प्रत्येक थिमभित्र साक्षात्कार, अवलोकन र सामग्री विश्लेषणबाट प्राप्त तथ्यहरूलाई संयोजन गरी सहभागीहरूको अनुभव, शिक्षण-अध्ययनको वास्तविक अवस्था र सम्बन्धित सैद्धान्तिक दृष्टिकोणबिच अन्तर्सम्बन्ध स्थापित गरिएको छ । यसरी प्राप्त तथ्यहरूको विश्लेषणले वाक्य रचना शिक्षणको वर्तमान स्थिति, चुनौती र सुधारका सम्भावनाहरूलाई स्पष्ट रूपमा प्रतिनिधित्व गरेको छ ।

### शिक्षकको दृष्टिकोण र शिक्षण व्यवहार

अन्तर्वार्ता, कक्षा अवलोकन, समूह छलफल र दस्तावेजीय सूचनाको समन्वित विश्लेषण गर्दा माध्यमिक तहमा वाक्य रचना शिक्षण क्रमशः परम्परागत नियम केन्द्रित अभ्यासबाट हट्दै व्यवहारमुखी, विद्यार्थी सहभागी र सन्दर्भ केन्द्रित दिशातर्फ रूपान्तरण भैरहेको प्रमाणित हुन्छ । शिक्षक 'क' का अनुसार संवाद अभ्यास र भूमिकानाट्यले विद्यार्थीलाई वास्तविक सन्दर्भमा वाक्य संरचना प्रयोग गर्न प्रोत्साहन गर्छ, जसले भाषिक आत्मविश्वास र सम्प्रेषण क्षमताको विकासमा मद्दत पुऱ्याउँछ । यस दृष्टिकोणले रिचार्ड्स र रोडर्ज (२००१) को सञ्चारमुखी शिक्षण सिद्धान्तलाई व्यावहारिक रूपले पुष्टि गर्छ । त्यसैगरी शिक्षक 'ख' ले सृजनात्मक लेखनका माध्यमबाट व्याकरणिक संरचना र भाषिक सिर्जनशीलता बिचको सम्बन्धलाई सुदृढ बनाउने प्रयास गरेका छन् । उनका अनुसार, "विद्यार्थीले आफ्ना विचार लेखनमार्फत अभिव्यक्त गर्दा वाक्य संरचना आफैँ सुदृढ हुन्छ," जुन पौडेल (२०७४) ले भनेअनुसार संरचनात्मक अभ्यास र सृजनात्मक अभिव्यक्तिबिचको अन्तरसम्बन्धसँग सुसङ्गत देखिन्छ । शिक्षक 'ग' ले सूचना प्रविधिको प्रयोगलाई अपरिहार्य ठानेका छन् । प्रोजेक्टर, भिडियो र अनलाइन सामग्रीको उपयोगले विद्यार्थीलाई दृश्यश्रव्य माध्यमबाट वाक्य संरचनाका जटिल पक्ष बुझ्न सजिलो भएको कक्षा अवलोकनबाट पुष्टि हुन्छ । यसले नेसन र मकालिस्टर (२०१०) को बहुस्रोत शिक्षण अवधारणासँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्दछ । अवलोकनका क्रममा देखियो कि शिक्षकहरूले उदाहरण आधारित, संवादमुखी र सहकार्यात्मक विधि

अपनाइरहेका छन् । त्रुटि सुधारका क्रममा तुरुन्त मौखिक प्रतिक्रिया र सहकार्यात्मक अभ्यासलाई सन्तुलित रूपमा प्रयोग गरिएको छ, जसले विद्यार्थीको सक्रियता र सहभागितालाई प्रोत्साहन गरेको छ । दस्तावेज (पाठ्यपुस्तक) विश्लेषणले भने पाठ्यसामग्रीमा वाक्य संरचनासम्बन्धी सैद्धान्तिक विवरण पर्याप्त भए पनि विद्यार्थी केन्द्रित र सञ्चारमुखी अभ्यास सीमित रहेको देखाउँछ । यसले कक्षा व्यवहारमा व्यवहारमुखी अभ्यासलाई सुदृढ बनाउने अवरोधका रूपमा काम गरेको छ । तीन स्रोतबाट प्राप्त तथ्यहरूको तुलनात्मक विश्लेषणले देखाउँछ कि शिक्षकहरू वाक्य रचना शिक्षणलाई व्यवहारमुखी र प्रयोगमुखी बनाउन प्रयासरत छन् । तर पाठ्यपुस्तकको गतिविधि र व्यावहारिक अभ्यासमा कमी भएकाले सिद्धान्त र व्यवहारबिच आंशिक अन्तर विद्यमान छ । समग्रमा अध्ययनले वाक्य रचना शिक्षण वर्तमानमा सङ्क्रमणको चरणमा रहेको र यसको प्रभावकारिता बढाउन शिक्षण सामग्री, प्रविधि र सहभागी अभ्यासबिच सन्तुलन आवश्यक रहेको देखिन्छ ।

**विद्यार्थीको भाषिक अनुभव र त्रुटि प्रकार**

साक्षात्कार, कक्षा अवलोकन र विद्यार्थीको लिखित/मौखिक उत्पादन सामग्रीहरूको तुलनात्मक परीक्षण गर्दा विद्यार्थीहरूको वाक्य निर्माणसँग सम्बन्धित त्रुटिहरू भाषिक पृष्ठभूमि, सिकाइ वातावरण र प्रयोग सन्दर्भका आधारमा भिन्न भिन्न देखिन्छन्, जसले वाक्यरचना सिकाइलाई बहुआयामी बनाउँछ । विद्यार्थीहरूको साक्षात्कारले देखाउँछ कि वाक्य रचनामा लिङ्ग, वचन, काल र पक्ष मिलाउन उनीहरूलाई कठिनाइ पर्ने गरेको छ, विशेषतः मिश्रित र जटिल वाक्य संरचनामा असङ्गति बढी देखिन्छ । एक विद्यार्थीका शब्दमा "हामी नियम बुझेका छौँ, तर बोल्दा वा लेख्दा ठ्याक्कै मिलाउन सक्दैनौँ," भन्ने भनाइले व्याकरणिक ज्ञान र व्यावहारिक प्रयोगबिचको अन्तरलाई प्रष्ट पार्दछ । अधिकारी (२०६३) ले पनि यस्तै निष्कर्ष प्रस्तुत गर्दै व्याकरणिक नियम र प्रयोगबिचको अन्तरले त्रुटिको प्रमुख कारण सिर्जना गर्छ भनेका छन् । कक्षा अवलोकनका प्रमाणहरूले विद्यार्थीहरूका वाक्यगत त्रुटिहरूमा मातृभाषा हस्तक्षेपको स्पष्ट प्रभाव देखाएको छ । बहुभाषिक कक्षामा विद्यार्थीहरूले आफ्नै मातृभाषाको संरचनात्मक ढाँचा नेपालीमा सार्ने प्रयास गर्दा शब्दरूप, वाक्यक्रम र काल प्रयोगमा विचलन देखिन्छ । दुई विद्यार्थीहरूले भनेका छन्, "हाम्रो भाषाको वाक्य ढाँचा नेपालीमा ल्याउँदा कहिलेकाहीँ अर्थ नै फरक पर्छ ।" शर्मा र पौडेल (२०७२) का अनुसार बहुभाषिक शिक्षण सन्दर्भमा यस प्रकारका संरचनात्मक त्रुटिहरू सामान्य तर सुधार योग्य हुन्छन् । पाठ्यसामग्री विश्लेषणले देखाउँछ कि वाक्य रचनासँग सम्बन्धित अभ्यासहरूमा व्यक्तिगत अनुभव, संवाद लेखन र त्रुटि सुधारका गतिविधिहरू सीमित छन् । उपलब्ध अभ्यासहरूमा विद्यार्थीलाई आत्म मूल्याङ्कन वा सहकार्यात्मक लेखनका अवसरहरू पर्याप्त छैनन, जसले व्यावहारिक दक्षता विस्तारमा अवरोध सिर्जना गरेको छ । तथापि विद्यार्थीहरूले व्यक्तिगत अनुभवमा आधारित लेखन, संवाद निर्माण र जीवनपरक उदाहरण प्रयोगलाई अत्यन्त उपयोगी मानेका छन् । उनीहरूका अनुसार, "जब हामी आफ्नै अनुभवका वाक्य बनाउँछौँ, व्याकरण मात्र होइन भाषा प्रयोगमा पनि आत्मविश्वास बढ्छ ।" नुनान (२०१९) ले पनि विद्यार्थी केन्द्रित र सन्दर्भ सम्बद्ध अभ्यासले दीगो भाषिक दक्षता विकास गर्छ भनेका छन् । तीनवटै स्रोतबाट प्राप्त प्रमाणहरूको तुलनात्मक विश्लेषणले देखाउँछ कि विद्यार्थीहरूको भाषिक त्रुटि शिक्षण विधि, मातृभाषा प्रभाव र अभ्यासको प्रकृतिसँग प्रत्यक्ष सम्बन्धित छ । त्रुटि सुधारका प्रभावकारी अभ्यासहरू प्रत्यक्ष, सहकार्यात्मक र अप्रत्यक्ष संयोजनमा आधारित हुँदा विद्यार्थीमा आत्म समीक्षा र खोज आधारित सिकाइलाई प्रोत्साहन गर्ने देखिन्छ । समग्रमा अध्ययनले देखाउँछ कि माध्यमिक तहमा वाक्य रचना शिक्षणले विद्यार्थीको भाषिक अनुभवलाई सन्दर्भित सिकाइसँग जोडेर व्यवहारमुखी र सृजनशील अभ्याससमार्फत सुदृढ बनाउनु आवश्यक छ ।

**शिक्षण सामग्री र प्रविधिको प्रयोग**

शिक्षक साक्षात्कार, कक्षा अवलोकन र प्रयोगमा आएका सामग्रीहरूको समायोजित मूल्याङ्कनले देखाउँछ कि शिक्षण सामग्री र शैक्षिक प्रविधिको उपयुक्त प्रयोगले सिकाइको अन्तरक्रियात्मकता, स्पष्टता र विद्यार्थीको सक्रिय सहभागिता उल्लेख्य रूपमा बढाउने भूमिका खेलेको छ । शिक्षकहरूको साक्षात्कारले प्रस्ट पार्छ कि सूचना प्रविधि, दृश्य श्रव्य सामग्री, अनलाइन स्रोत र बहुस्रोत प्रविधिको प्रयोगले वाक्य संरचनाका अमूर्त पक्षहरूलाई स्पष्ट र सन्दर्भित रूपमा बुझ्न सहयोग पुऱ्याएको छ । शिक्षक 'ग' का अनुसार "भिडियो मार्फत विद्यार्थीले नियमभन्दा अर्थ र सन्दर्भ सहजै बुझ्छ," भन्ने भनाइले दृश्य माध्यमले सिकाइलाई अनुभवमुखी र सन्दर्भ केन्द्रित बनाउने तथ्यलाई पुष्टि गर्छ । नेसन र मकालिस्टर (२०१०) ले पनि बहुस्रोत शिक्षणले सिकाइको पहुँच र स्थायित्व बढाउँछ भनेका छन् । कक्षा अवलोकनले पुष्टि गर्छ कि प्रोजेक्टर, डिजिटल स्लाइड र भिडियो सामग्रीको प्रयोग गर्दा विद्यार्थीहरू बढी सक्रिय र सहकार्यात्मक बनेका छन् । समूहगत अभ्यासका क्रममा उनीहरूले विचार आदान प्रदान गर्दै वाक्य संरचनाको विश्लेषणमा व्यावहारिक रूपमा संलग्न भएको देखिन्छ । साथै शिक्षकहरूले त्रुटि सुधारका क्रममा प्रत्यक्ष, सहकार्यात्मक र अप्रत्यक्ष विधिहरूको संयोजन अपनाएका छन्, जसले विद्यार्थीलाई तुरुन्त प्रतिक्रिया, सहकर्मी सहयोग र आत्म समीक्षा तीनै किसिमका सिकाइ अवसर प्रदान गरेको छ । यसले सैद्धान्तिक ज्ञान र व्यावहारिक प्रयोगबिचको अन्तरलाई घटाएर व्याकरण सिकाइलाई प्रयोगमुखी बनाएको छ । सामग्री विश्लेषणका प्रमाणहरूले भने पाठ्यपुस्तकमा दृश्य श्रव्य सामग्री र प्रविधि आधारित अभ्यासहरू सीमित रहेको देखाउँछन् । यद्यपि पाठ्यक्रममा प्रविधि प्रयोगका सिफारिसहरू उल्लेखित छन्, तिनको कार्यान्वयन कक्षास्तरमा अपेक्षाकृत कमजोर रहेको पाइन्छ । यस कारण शिक्षकहरू स्वयम्ले पूरक सामग्री र अनलाइन स्रोतहरू प्रयोग गर्न बाध्य देखिन्छन् । तीनवटै स्रोतबाट प्राप्त तथ्यहरूको तुलनात्मक विश्लेषणले देखाउँछ कि शिक्षण सामग्री र प्रविधिको प्रयोगले विद्यार्थीलाई भाषिक संरचना बुझ्न, अभ्यास गर्न र त्रुटि सुधार गर्न सहज बनाएको छ । प्रविधि समर्थित शिक्षणले विद्यार्थीको ध्यान, रुचि र सहभागितामा सकारात्मक प्रभाव पार्दछ र बहुभाषिक कक्षामा समान अवसरको वातावरण सिर्जना गर्दछ । तथापि पाठ्यसामग्री अद्यावधिक र प्रविधि मैत्री नभएकाले यसको दीगो प्रभावकारिता सुनिश्चित गर्न संस्थागत सहयोग र सामग्री सुधार आवश्यक देखिन्छ । समग्रमा अध्ययनले पुष्टि गर्दछ कि वाक्य रचना शिक्षणमा शिक्षण सामग्री र प्रविधिको सन्तुलित प्रयोगले सिकाइलाई सन्दर्भ आधारित, संवादमुखी र स्थायी बनाउँछ ।

**बहुभाषिक प्रभाव र कक्षाकोठा अन्तर्क्रिया**

अध्ययनका तथ्यहरूले देखाउँछन् कि माध्यमिक तहका अधिकांश कक्षाहरू बहुभाषिक पृष्ठभूमिका विद्यार्थीहरूले भरिएका छन्, जसले वाक्य रचना शिक्षणलाई अवसर र चुनौती दुवै रूपले प्रभावित गरेको छ । सहभागी शिक्षक र विद्यार्थीका अनुभव अनुसार एउटै कक्षामा मैथिली, भोजपुरी, थारु, तामाङ, मगर, नेवारी, गुरुङ, राई, लिम्बू आदि भाषिक समूहका विद्यार्थीहरू रहेका कारण नेपाली वाक्य संरचना सिकाइमा समान गति र समरूप विकास गर्न कठिनाइ परेको छ । शिक्षकहरूले विद्यार्थीहरूलाई नेपाली वाक्य संरचना सिकाउने क्रममा मातृभाषाको प्रभाव हटाउन विशेष प्रयास गर्नुपरेको बताएका छन् । कतिपय शिक्षकले मातृभाषा र नेपालीबिच तुलना गरेर नियम स्पष्ट पार्ने र अभ्यास गराउने रणनीति अपनाएको पाइयो, जसले केही हदसम्म सिकाइमा सहजता ल्याएको देखियो । यद्यपि बहुभाषिक कक्षामा विद्यार्थीहरू आफ्ना मातृभाषाका ढाँचा, शब्दावली र वाक्यक्रमलाई नेपालीमा मिसाउने प्रवृत्ति देखिन्छ । यस्तो अन्तर्भाषिक प्रभावका कारण वाक्य संरचनामा त्रुटि र असमानता देखा पर्छन् । कक्षाकोठा अन्तर्क्रियामा विद्यार्थीहरूले आफ्ना भाषागत सुविधा अनुसार संवाद गर्ने प्रयास गर्दा शिक्षकले विषयवस्तुलाई सन्तुलित रूपमा प्रस्तुत गर्न कठिनाइ भोगेका छन् । अध्ययनमा देखिए अनुसार शिक्षकहरूले भाषिक विविधतालाई शिक्षण साधनको रूपमा प्रयोग गर्ने प्रयास गरे तापनि सबै भाषिक समूहलाई समेट्ने सामग्री र अभ्यासको अभावले प्रभावकारी शिक्षणमा अवरोध पुऱ्याएको छ । यस सन्दर्भमा प्रयोग भएका पाठ्यपुस्तकहरू प्रायः

एकभाषिक दृष्टिकोणमा आधारित छन्, जसले बहुभाषिक कक्षाकोठाको भाषिक विविधतालाई पर्याप्त रूपमा सम्बोधन गर्न सकेका छैनन् । विद्यार्थीहरूको मातृभाषा र सामाजिक पृष्ठभूमि अनुसार भिन्न भाषिक आवश्यकता र क्षमताहरूलाई ध्यानमा राख्ने सामग्री, अभ्यास र उदाहरणको कमी देखिन्छ । फलस्वरूप, शिक्षकहरूले आफ्नै अनुभव र सन्दर्भअनुसार रणनीति बनाइरहनुपरेको स्थिति प्रष्ट हुन्छ । समग्र विश्लेषणले देखाउँछ कि बहुभाषिकता कक्षाकोठाको अन्तर्क्रियालाई भाषिक, सांस्कृतिक र सामाजिक दृष्टिले समृद्ध बनाउने माध्यम पनि हो र शिक्षण सिकाइ प्रक्रियामा जटिलता थप्ने चुनौती पनि हो । मातृभाषा हस्तक्षेपका कारण वाक्य रचना सिकाइमा कठिनाइ उत्पन्न भए तापनि बहुभाषिक परिवेशले विद्यार्थीहरूमा अन्तरसंस्कृति समझ, भाषिक सहिष्णुता र संवाद कौशल विकासमा योगदान पुऱ्याएको छ । यसले शिक्षकलाई सन्दर्भ संवेदनशील, अन्तरभाषिक तुलना आधारित र समावेशी शिक्षण रणनीति अवलम्बन गर्न प्रेरित गरेको छ । अतः बहुभाषिक वातावरणले वाक्य रचना शिक्षणमा पार्ने प्रभावसँग यस विश्लेषणको प्रत्यक्ष सम्बन्ध छ । बहुभाषिकता शिक्षणका लागि बाधा मात्र होइन, सही रणनीति र उपयुक्त सामग्रीको प्रयोग भएमा यो कक्षाकोठा अन्तर्क्रियाको समृद्ध स्रोत बन्न सक्छ भन्ने तथ्य यस अध्ययनले देखाएको छ ।

**सुधारका सम्भावित उपाय र सुझाव**

सहभागी शिक्षक र विद्यार्थीका अनुभवका आधारमा अध्ययनले देखाएको छ कि माध्यमिक तहमा वाक्य रचना शिक्षण सुधार का लागि अन्तर्भाषिक तुलना, सहकार्यात्मक अभ्यास, जीवन-अनुभव-आधारित गतिविधि, दृश्य श्रव्य सामग्रीको उपयोग र लचकदार त्रुटिसुधार विधिहरू प्रभावकारी देखिएका छन् । शिक्षकहरूले अनुभव बाँडेअनुसार सहकार्यात्मक अभ्यासले विद्यार्थीलाई विचार व्यक्त गर्न, संवादमा संलग्न हुन र आत्मविश्वासका साथ प्रयोग गर्न प्रेरित गर्छ । कक्षाकोठा अवलोकनमा यस्ता अभ्यास समावेश भएका कक्षामा विद्यार्थीहरूको सक्रियता, अन्तर्क्रिया र सिकाइ उत्साह उल्लेखनीय रूपमा बढेको पाइयो । पौडेल (२०७४) का अनुसार अन्तर्भाषिक तुलना अभ्यासले मातृभाषा हस्तक्षेप घटाउन र नयाँ भाषिक ढाँचाप्रति सचेतता बढाउन मद्दत पुऱ्याउँछ । नेसन र मकालिस्टर (२०१०) का अध्ययनले पनि बहुस्रोत शिक्षणले व्याकरणिक दक्षता र सम्प्रेषणीय क्षमता दुवैमा वृद्धि गर्ने प्रमाण प्रस्तुत गरेका छन् । अध्ययनका सङ्कलित तथ्यहरूको विश्लेषणले स्पष्ट पार्छ कि त्रुटि सुधारका विविध विधिको समन्वित प्रयोगले विद्यार्थीलाई आफ्ना त्रुटि आफैँ पहिचान गर्ने, साथीहरूसँग मिलेर सुधार्ने जस्ता स्वयम् अनुभूत गर्ने अवसर प्रदान गरी दीर्घकालीन सिकाइ विकास गर्ने मौका पाउँछन् । यस्ता विधिहरूले विद्यार्थीमा आत्म समीक्षा र खोज आधारित सिकाइको प्रवृत्ति बढाउँछन् । त्यसैगरी पाठ्यपुस्तकमा आत्म मूल्याङ्कन र समूह सुधारका अभ्यासहरू पर्याप्त नभएकाले ती अभ्यासहरू विस्तार गर्नै जरुरी देखिन्छ । दृश्य श्रव्य सामग्री र प्रविधिको प्रयोगले पनि वाक्य संरचनाका जटिल पक्षहरू सहज रूपमा बुझ्न सहयोग पुऱ्याउने तथ्य अध्ययनले पुष्टि गरेको छ । समग्र रूपमा वाक्य रचना शिक्षण सुधारका सम्भावित उपायहरू अभ्यास, सामग्री र सुधार-रणनीतिका प्रभावकारी संयोजनमा निहित छन् । शिक्षकले विद्यार्थीको भाषिक पृष्ठभूमि र सिकाइ आवश्यकता अनुसार लचिलो र सन्दर्भ संवेदनशील रणनीति अवलम्बन गर्दा सिकाइ अर्थपूर्ण, व्यावहारिक र समावेशी बन्न सक्छ । यसरी व्यावहारिक अभ्यास, प्रविधिको उपयोग र त्रुटि सुधारका नवीन विधिहरू एकीकृत गर्दा वाक्य रचना शिक्षणले अपेक्षित दक्षता विकासका लक्ष्य हासिल गर्न सक्नेछ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनले माध्यमिक तहमा वाक्य रचना शिक्षणको आवश्यकता र प्रयोगात्मक अवस्थाको समग्र चित्र प्रस्तुत गरेको छ । अनुसन्धानका तथ्यहरूले देखाउँछन् कि विद्यालयस्तरमा वाक्य रचना शिक्षण अझै परम्परागत ढाँचामा सीमित छ, जसमा नियम र व्याकरणीय संरचनाको अभ्यासमा बढी जोड दिइन्छ । यद्यपि शिक्षक र विद्यार्थीका अनुभवहरूले सन्दर्भमूलक, व्यवहारमुखी र सम्प्रेषणीय दृष्टिकोणबाट वाक्य रचना सिकाइलाई पुनःपरिभाषित गर्नुपर्ने आवश्यकता स्पष्ट पारेका छन् । विद्यार्थीहरूमा मातृभाषिक प्रभाव, व्याकरणिक असङ्गति र अभिव्यक्तिगत अस्वाभाविकता जस्ता समस्याहरू देखिएका छन्, जसले वाक्य निर्माण क्षमतालाई प्रभावित पारेका छन् । बहुभाषिक कक्षाकोठामा भाषिक विविधता व्यवस्थापन, त्रुटि सुधार र विद्यार्थीको सक्रिय सहभागिता सुनिश्चित गर्नु शिक्षकका लागि प्रमुख चुनौतीका रूपमा पहिचान गरिएको छ । तर सहकार्यात्मक अभ्यास, भूमिका नाट्य, संवाद र जीवन अनुभवमा आधारित गतिविधिहरू प्रयोग भएका कक्षाहरूमा विद्यार्थीको सहभागिता, आत्मविश्वास र सृजनात्मकता बढी देखिएको छ । अध्ययनले वाक्य रचना शिक्षणलाई केवल नियममुखी अभ्यासमा सीमित नराखी सन्दर्भानुकूल सम्प्रेषणीय अभ्यास, सृजनात्मक लेखन र समूहगत सिकाइसँग जोड्नुपर्ने निष्कर्ष निकालेको छ । शिक्षण-सामग्री र प्रविधिको उपयोग जस्तै - दृश्य श्रव्य माध्यम, इन्टरनेट स्रोत र अन्तर्क्रियात्मक प्रस्तुति, विद्यार्थीको ध्यानाकर्षण र बुझाइ सुदृढ बनाउन प्रभावकारी देखिएका छन् । त्यसैले शिक्षकको व्यावसायिक दक्षता अभिवृद्धि, शिक्षण सामग्रीको सान्दर्भिकता र विद्यार्थी केन्द्रित सिकाइ अभ्यासको विस्तार वाक्य रचना शिक्षण सुधारका प्रमुख उपायका रूपमा देखिन्छ । अन्ततः अध्ययनले माध्यमिक तहको नेपाली भाषा शिक्षणमा वाक्य रचना सिकाइलाई व्याकरणिक अनुशासन मात्र नभई सम्प्रेषणीय र सामाजिक सन्दर्भमा आधारित व्यावहारिक सिकाइका रूपमा रूपान्तरण गर्नुपर्ने निष्कर्ष निकालेको छ । शिक्षक र विद्यार्थीबिचको अन्तर्क्रिया, बहुभाषिक सन्दर्भप्रतिको संवेदनशीलता र प्रविधि समर्थित सिकाइ वातावरणको विकासले वाक्य रचना शिक्षणलाई प्रभावकारी, समावेशी र अर्थपूर्ण बनाउन सक्ने देखिन्छ ।

**सन्दर्भ सामग्री**


अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६२), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०७०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

घिमिरे, बिष्णु (२०२४), मगर मातृभाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा प्रयोग गर्ने सङ्गतिको विश्लेषण, *आदिकवि,* आदिकवि भानुभक्त क्याम्पस ।

ठाकुर, राकेश (२०८१), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको शब्दनिर्माण क्षमताको अध्ययन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. ।

पौडेल, माधव प्रसाद (२०७४), *नेपाली भाषा शिक्षण,* विद्यार्थी प्रकाशन प्रा.लि. ।

भट्टराई, यमकला (२०७७), *कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता,* (स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

भुसाल, टीका (२०७४), *नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत थारु मातृभाषी विद्यार्थीहरुको वाक्यगठन क्षमता,* (स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

राई, सुष्मा (२०८१), *कक्षा आठमा अध्ययनरत लिम्बु मातृभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र केन्द्रीय विभाग, नेपाली शिक्षा विभाग, त्रि.वि. ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७२), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

Denzin, N. K., & Lincoln, Y. S. (Eds.). (2011). *The Sage handbook of qualitative research*. Sage.

Nunan, D . (2019). *Language curriculum design*. Oxford University Press.

Nation, I . S . P ., & Macalister, J . (2010). *Language curriculum design*. Routledge.

Richards, J . C ., & Rodgers, T . S . (2001). *Approaches and methods in language teaching (2nd ed.)*. Cambridge University Press.